बैठक संख्याः ४०

मितिः २०८१।०८।१०

आज मिति २०८१ साल मंसीर १० गते गुराँस गाउँपालिका दैलेखको ४० औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वी.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न २ |
| श्री काशीराम शर्मा | - वडा अध्यक्ष वडा न ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न ७ |
| श्री दिपेन्द्र [redacted] वली | - वडा अध्यक्ष वडा न ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत |

सहयोगी कर्मचारी

| | |
|---|---|
| श्री पूर्ण बहादुर वली | -सचिवालय सहायक |
| श्री खगीसरा वि क | -कार्यालय सहयोगी |
| श्री खेमराज उपाध्याय | सहायक चौथो |

**बैठकका प्रस्तावहरुः**

१. ३९औ बैठकको समिक्षा सम्बन्धमा ।

२. विधुतिय हाजीर र कर्मचारीको तलब भुक्तानी सम्बन्धमा ।

३. प्रदेश सरकारवाट प्राप्त शसर्त रकमको योजना कार्यान्वयन सम्बन्धमा ।

४. प्रदेश सरकारवाट प्राप्त विशेष अनुदानको योजना कार्यान्वयन सम्बन्धमा ।

५. LISP को योजना छनौट सम्बन्धी ।

६. जनता आवास र विपन्न नागरीक आवासका लाभग्राहीको नाम अनुमोदान सम्बन्धमा ।

७. गाउँपालिकाको हिउदे सभाको मिति निर्धारण सम्बन्धमा ।

८. कार्यविध पारीत सम्बन्धमा।

९. पुर्ण रोजगार आत्मनिर्भर गाउपालिका घोषणा सम्बन्धमा ।

१०. अधुरा योजनाहरुको निर्माण प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।

११ ए एस डी पी र एभरेष्ट क्लवसंग कार्य संचालन संझौता सम्बन्धमा ।

१२ गुराँस बहुमुखी क्याम्पसको जग्गा पासको राजश्व व्यवस्थापन लगाएत अन्य वजेट व्यवस्थापन गर्नु पर्ने कार्यक्रमहरुका सम्बन्धमा ।

१३ एम्बुलेन्स संचालन सम्बन्धमा ।

१४नेपाल कृषि विकास फर्म घोडावासको रकम भुक्तानी व्यवस्थापन सम्बन्धमा ।

१५ कृषि क्याम्पस भवनको म्याद थप सम्बन्धमा ।

१६ लोकसेवा आयोगबाट सिफारिस भएका कर्मचारीको नियुक्ति अनुमोदन र पदस्थापना ।

१७ एसईई परिक्षाको केन्द्र तोक्ने सम्बन्धमा ।

१८ गुराँस गाउँपालिकाका सबै **Webside** र प्रोटलहरु अपडेट सम्बन्धमा ।

१९ विविध

क. राजश्व दाखिला सम्बन्धमा ।

ख सामुदायिक विधुतिकरण संचालन व्यवस्थापन सम्बन्धमा ।

ग. गुराँस अस्पताल संचालन व्यवस्थापन सम्बन्धमा ।

घ. कार्यपालिका सदस्यहरुको कार्यकक्ष व्यवसाथापन सम्बन्धमा ।

ङ पूर्वाधार विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

च सरुवा भई गएका कर्मचारीको पदस्थापना र रिक्त पदमा सरुवा सम्बन्धमा ।

छ अध्यक्षको विदेश भ्रमण सम्बन्धमा ।

ज गुराँस गाउँपालिकाको प्रशासकिय भवनका लागि थप जग्गा प्राप्ती सम्बन्धमा ।

झ. विभिन्न समितिका गठन तथा सदस्य मनोनयन सम्बन्धमा। ।

ञ. अध्यक्ष विदा अनुमति स्वीकृत सम्बन्धमा ।

टोप बहादुर ... सिं.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरुः

**निर्णय न.** १ प्रस्ताव न.१ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको ३९औ बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समिक्षात्मक छलफल गरीया उक्त छलफलमा अधिकांस निर्णहरु कार्यान्वयन भएका केही कार्यान्वयन चरणमा रहेका र कार्यान्वयन हुन बाँकी रहेको संघ सस्था समन्वय बैठक लगायतका निर्णय आगामी पौष महिनाको पहिलो हसा सम्म कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय न:** २ प्रस्ताव न. २ माथि छलफल गर्दा गाउँपालिकाका मातहतका निकायहरुमा जडान गरीएको विधुतिय हाजिरको कार्यान्वयन सम्बन्धमा ३९औ बैठकबाट गठित ३ सदस्यिय छानविन समितिबाट पेश भएको प्रतिवेदनमाथि छलफल गर्दा कर्मचारीहरुको विधुतिय हाजिर प्रभावकारी रुपमा कार्यान्वयन नभएको र केही कर्मचारीहरुले नियतवस विधुतिय हाजिर विगारेको कार्यालयमा अनुपस्थित हुने गरेकाले उक्त कर्मचारीहरुको चालु आ व को श्रावण देखि हालसम्मको नियमानुसार नभएको हाजिर दिनको सम्बन्धमा स्थाई कर्मचारीहरुको हकमा संचित विदाबाट बिदाकट्टीगरी चेतावनी दिने र सेवा करार र ज्यालादारीका कर्मचारीहरुको हकमा गयल भएको दिनको तलब कट्टी गरी चेतावनी दिने र बाँकी दिनको तलब भुक्तानी दिनेगरी निर्णय कार्यान्वयन गर्न प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने साथै आगामी महिना देखि तलब भुक्तानी गर्दा सोहि बमोजिम नै गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय न:** ३ प्रस्ताव न. ३ माथि छलफल गर्दा प्रदेश सरकारबाट प्राप्त शसर्त रकमको योजना कार्यान्वयनका सम्बन्धमा वडा नं ४ को तालपोखरी बहुउद्देश्यीय कवर्डहल र लक्ष्मी मा वि रतिखोला विद्यालय निर्माण गर्न निर्माणस्थल लगायतका केही प्राविधिक समस्याका कारण उपभोक्ता समितिबाट निर्माण कार्य गराउने भनि वडाबाट सिफारीस भइ आएकाले सोही बमोजिम वडा कार्यालय, निर्माण उपभोक्ता समित र विध्यालय पूर्ण रुपमा जिम्मेवार हुनेगरी वडा सिफारिस बमोजिम कार्यान्वयन गराउनका लागि तपसिलका शर्तहरु पालना गर्न मंजुर गराई उपभोक्ता समिति बाट र अन्यथा टेन्डर विधिबाट योजना कार्यान्वयन गर्ने निर्णय पारीत गरीयो ।

तपशिल

१ वडा स्तरीय भेलाको प्रतिवद्दता सहितको निर्णय सिफारिस

२ वडाको प्रतिवद्दता सिफारीस पत्र

३ उपभोक्ता समितिको समय सिमा भित्रयोजना सम्पन्न गर्ने कबुलियतनामा

४ सो योजना सम्पन्न गर्दा योजना सम्बद्द कुनैपनि किसिमको आर्थिक दाईत्व पालिकाले बेहोर्न नपर्ने प्रतिवद्दता ।

दीप बहादुर बि.सी.
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय न. ४** प्रस्ताव न. ४ माथि छलफल गर्दा प्रदेश सरकारवाट प्राप्त विशेष अनुदान तर्फको गुराँस गाउँपालिका खानेपानी योजना (तल्लो डुङ्गेश्वर, वेडुगाउँ लिफ्टिङ्ग, काँडा मर्खे खानेपानी योजना) मा विनियोजित बजेटलाई देहाय अनुसारको योजना संचालन गर्ने निर्णय पारीत गरीयो ।

१. वेडुगाउँ लिफ्टिङ्ग खानेपानी योजनाका गुराँस १, रु ३० तिस लाख

२. काँडा मर्खे खानेपानी योजना गुराँस ७ रु २० बिस लाख

**निर्णय न. ५** प्रस्ताव न. ५ माथि छलफल गर्दा स्थानिय पूर्वाधार संहयोग कार्यक्रम (Local Infrastucture Support Program-LISP) तर्फ आ व २०८१।०८२ मा सहलगानीमा कार्यान्वयन गरीने तपसिलका कार्यक्रम र योजना छनौट गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विकास सहायता समन्वय शाखा सिंहदरवार काठमाडौमा पठाउने निर्णय गरीयो । यसको लागि नेपाल सरकार र गुराँस गाउँपालिकाको नियमानुसार सहलगानी हुनेगरी तपसिलका योजना संचालन गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. ग्रामीण कृषि सडक स्तरउन्नती

| क स | योजनाको नाम | वडा न | प्रस्तावित रकम | गाउँपालिकाको सह लगानी | LISP को सहलगानी |
|---|---|---|---|---|---|
| १ | दोवाटा पातिकाल्ना सडक स्तरउन्नती | ३ र ४ | ७० लाख | २८ लाख | ४२ लाख |
| २ | राउटे गल्छिना देखि वडा कार्यालय सम्म सडक स्तरउन्नती | ५ | ४० लाख | १६ लाख | २४ लाख |
| ३ | भ्युचुला पुलिया सडक स्तरउन्नती | ६ | ५० लाख | २० लाख | ३० लाख |
| ४ | घुम्ने विसाउ छउडेकाँडा सडक स्तरउन्नती | ७ | ४० लाख | १६ लाख | २४ लाख |
| ५ | गौरव मार्ग अन्तरग नाला निर्माण | ८ | २५ लाख | १० लाख | १५ लाख |

२ ग्रामीण खानेपानी योजना

| क स | योजनाको नाम | वडा न | प्रस्तावित रकम | गाउँपालिकाको सह लगानी | LISP को सहलगानी |
|---|---|---|---|---|---|
| १ | तल्लो डुङ्गेश्वर खानेपानी योजना | २ | ३० लाख | १२ लाख | १८ लाख |

३ कृषि सिचाई योजना

| क स | योजनाको नाम | वडा न | प्रस्तावित रकम | गाउँपालिकाको सह लगानी | LISP को सहलगानी |
|---|---|---|---|---|---|
| १ | जमाढाक्न हुदै बाङ्गा सिचाई कुलो निर्माण योजना | ६ | २० लाख | ४ लाख | ६ लाख |

४ विद्यालय भवन निर्माण योजना

| क स | योजनाको नाम | वडा न | प्रस्तावित रकम | गाउँपालिकाको सह लगानी | LISP को सहलगानी |
|---|---|---|---|---|---|
| १ | कालिका मा वि भवन निर्माण | ८ | २० लाख | ८ लाख | १२ लाख |

५ विपद व्यवस्थापन योजना

| क स | योजनाको नाम | वडा न | प्रस्तावित रकम | गाउँपालिकाको सह लगानी | LISP को सहलगानी |
|---|---|---|---|---|---|
| १ | गा पा परिसर तटवन्धन तथा सुरक्षा घेरबार योजना | ४ | ४० लाख | ८ लाख | ३२ लाख |

**निर्णय न: ६** प्रस्ताव न. ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका नागरीकहरुका लागि वडा वाट सिफारीस भई आएका जनता आवास र विपन्न नागरीक आवास निर्माणका लागि लाभग्राहीको नाम पूर्वाधार विकास कार्यालय दैलेखमा पठाईएकोमा उक्त तपसिल अनुसारको नामहरु अनुमोदन गर्ने निर्णय पारीत गरीयो ।

तपसिल

क) जनता आवास कार्यक्रम तर्फः

१ गुराँस गाउँपालिका वडा नं १ का श्री तुलसिह दमाई

२ गुराँस गाउँपालिका वडा नं २ का श्री लल्त वहादुर वि क

३ गुराँस गाउँपालिका वडा नं ३ का श्री चन्द्रा वि क

४ गुराँस गाउँपालिका वडा नं ४ का श्री मन कुमारी वि क

५ गुराँस गाउँपालिका वडा नं ५ का श्री दशरथ नेपाली

६ गुराँस गाउँपालिका वडा नं ६ का श्री डिल बहादुर कामी

ख) विपन्न नागरीक आवास कार्यक्रम तर्फः

१ कमल नेपाली गुराँस ७ दैलेख

२ हिक्मत बहादुर खड्का गुराँस ८ दैलेख

३ खड्ग बहादुर खत्री गुराँस ५ दैलेख

पूर्वाधार विकास कार्यालय दैलेखमा मिति २०८१।७।२९ मा विपन्न नागिरक अवास कार्यक्रम तर्फ उपलव्ध गराईएको कर्णे दमाई गुराँस २ को सट्टामा खड्ग बहादुर खत्रीको नाम सिफारिस गर्ने ।

चिरञ्जीवी बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय न: ७** प्रस्ताव न. ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको गाउँसभाको १५औ अधिवेशन यहि मिति २०८१ साल पौष महिनाको १७ गते संचालन हुनेगरी सभा संचालन र व्यवस्थापनको तयारी गर्ने निर्णय गरीयो ।

**निर्णय न: ८ प्रस्ताव न ८ को** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको निति अनुरुप कार्य संचालनका लागि तयार भइ पेश हुन आएका तपसिलका कार्यविधहरु पारीत गर्ने निर्णय पारीत गरीयो ।

**तपसिल**

१ गुराँस गाउँपालिकाको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०८१

२ महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका (सेवा तथा सुविधा) कोष परीचालन सम्बन्धी कार्यविधि २०८१

३ सुनौलो हजार दिन, उपाध्यक्ष भेट्नेछीन कार्यक्रम संचालन कार्यविधि २०८१

४ निशुल्क स्वास्थ्य विमा संचालन कार्यविधि,२०८१

**निर्णय न: ९ प्रस्ताव न ९** माथि छलफल गर्दा गुराँस गाउँपालिकालाई पुर्ण रोजगार र आत्मनिर्भर गाउँपालिका घोषणा गर्नका लागी आवश्यक व्यवस्थापकिय कार्यारम्भ गर्ने निर्णय गरीत गरीयो साथै उल्लेखित कामका लागि आवश्यक पर्ने ऐन र कार्यविधि निर्माण गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय न: १० प्रस्ताव न १०** माथि छलफल गर्दा गुराँस गाउँपालिकामा विभिन्न समयमा निर्माण कार्य शुरु भइ सम्पन्न नभएका अधुरा योजनाहरुको पुन संचालनका सम्बन्धमा सम्वन्धीत योजना संचालन स्थान तथा योजनाका लाभग्राहि तथा सरोकारवाला विच सार्वजनिक सुनुवाई गरी सो वाट आएको निश्कर्षका आधारमा आवश्यकीय बजेट तथा अन्य कानुनी प्रक्रिया पुरा गरी योजनाहरुको पुन संचलनको कार्य अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय न: ११ प्रस्ताव न ११** माथि छलफल गर्दा गुराँस गाउँपालिका संग कार्यात्मक साझेदारीमा कार्यक्रम संचालन गर्न सहमती भइ कार्य संझौता गर्न प्रस्ताव पेश गरेका गैरसरकारी संस्थाहरु ASDP र एभरेष्ट क्लव दैलेख संग कार्य संचालनका लागि MOU गर्ने निर्णय गरीयो ।

**निर्णय न: १२ प्रस्ताव न १२** माथि छलफल गर्दा गुराँस वहुमुखी क्याम्पसको जग्गा पासका लागि लागेको सरकारी राजश्व रकम व्यवस्थापनका लागि आगामी गाउँसभावाट बजेटको व्यवस्थापन गरी राजश्व व्यवस्थापन गर्ने साथै छलफलमा प्रस्तुत भएका बजेट व्यवस्थापन गर्नु पर्ने प्रस्तावहरु खानेपानी निर्माण योजना (वडा न ८ को खानेपानी मीटर खरीदको रकम, नमस्ते गुराँस सुझाव तथा गुनासो व्यवस्थापन प्रोटल व्यवस्थापन खर्च रकम व्यवस्थापनका लागि आगामी गाउँसभामा पेश गरी बजेट व्यवस्थापन गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १३ प्रस्ताव न १३** माथि छलफल गर्दा गुरुँस गाउँपालिका वाट संचालित एम्बुलेन्सको संचालनवाट प्राप्त भएको राजश्व नियमित रुपमा गाउँपालिकाको राजश्व खातामा जम्मा नभएकाले पटक पटक हाल सम्म जिम्मेवारी पाएका एम्बुलेन्स चालकहरुको जिम्मामा रहेको राजश्व रकम एथाशिघ्र दाखिला गर्न लगाउने र मौखिक चेतावनी दिइ सम्वन्धीत एम्बुलेन्स चालक यातायात शाखा र राजश्व शाखाका कर्मचारीहरुलाई थप जिम्मेवार वनाउन एम्बुलेन्स संचालन कार्यविधी अनुसार एम्बुलेन्स सञ्चालन गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय नं. १४ प्रस्ताव न १४** माथि छलफल गर्दा गुरुँस गाउँपालिकाका र नेपाल कृषि विकास फर्म प्रा लि विच कार्य संचालन संझौता भंग भई फर्मको स्वमीत्व हस्तान्तरण समेत भईसके पनि फर्ममा गरीएको कुल लगानीका विषयमा लागत एकीन नहुदै नेपाल कृषि विकास फर्मको तर्फवाट थप रकम प्राप्तीका लागि विभिन्न ढङ्गले दवाब श्रृजना गरीएकोले तेस्रो पक्षले मुल्यांकन गर्ने भनि गरीएको निर्णय अनुसार हाल सम्म पनि औपचारीक ढंगवाट विधिवत रुपमा तेस्रो पक्षाको मूल्यांकन रिपोट प्राप्त नभएको हुदा गुरुँस गाउँपालिकाले सरकारको लगानी सुरक्षीत हुने गरी नेपाल सरकार मातहतका निकायहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, नेपाल कृषि विकास फर्म र पालिकावाट भएको लगानी सग सम्बद्ध सक्कल विल भर्पाइहरु एव कारोवार भएको बैंक स्टेटमेन्ट सहितको विवरण तथा कागजातहरु गुरुँस गाउँपालिकामा पेश गर्न जानकारी गराउने र उक्त विवरणवाट दिनु वा लिनु पर्ने जे हुन आउछ सो नियमानुसार लेन देन गर्ने निर्णय गरीयो साथै हाल सम्मको सवै खर्चका विवरणहरु स-प्रमाण भुक्तानी दावि गर्न ३५ दिनको समय सिमा दिई पत्राचार गर्ने र फर्म संचोलन तथा व्यवस्थापनका लागि थप उत्तम विकल्प छनौट गरी सो को कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १५ प्रस्ताव न १५** माथि छलफल गर्दा गुरुँस गाउँपालिकाको कृषि क्याम्पस भवनको म्याद थप सम्बन्धमा छलफल हुदा भवन निर्माण संग सम्वन्धीत के वि गुरुङ्ग कन्सटक्सनको ठेक्का न **NCB/GRm/02/GACBCW/2078/079** को ठेक्काको म्याद थप गरेर मात्र भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिनुपर्ने भएकाले उक्त ठेक्काको ठेक्का अवधि आगामी चैत्र मसान्त सम्मकामा कार्य सम्पन्न हुनेगरी बैंक ग्यारेन्टी लिई ठेक्काको म्याद थप गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय नं. १६** प्रस्ताव न. १६ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोगवाट गुरुँस गाउँपालिकाका लागि सिफारीस भई आएका सिभिल ईन्जिनियरीङ्ग तर्फ सातौ तह र कृषि विकास तर्फ सातौ तहका कर्मचारीहरुको नियुक्ति अनुमोदन गर्ने निर्णय पारीत गरीयो । नियुक्ति भएका तत् सेवा समुहका सातौ तहका कर्मचारीहरुलाई आ-आफ्नो सेवाको शाखा प्रमुखको जिम्मेवारी दिई कामकाजमा खटाउने निर्णय गरियो ।

**निर्णय न: १७ प्रस्ताव न १७** माथि छलफल गर्दा गुराँस गाउँपालिका अन्तर्गत श्री पार्वती मा.वि. गुराँस ५ गोगनपानी र श्री जय जनता मा.वि. जोरेवाझको एस ई ई परीक्षा केन्द्र श्री सीता जन सहयोग मा. वि. अवलपराजुलमा र लक्ष्मी मा. वि. रतिखोलालाई मा. वि. चुप्रामा परीक्षा केन्द्र अपाएक पर्ने स्थानहरुमा रहेकाले गुराँस गाउँपालिकामा रहेका २ वटा परीक्षा केन्द्रमा तपसिलका विद्यालयहरुको सहभागिता हुने गरी १ वटा परीक्षा केन्द्र थप गरी ३ वटा परीक्षा केन्द्र कायम गर्न श्री शिक्षा विकास तथा समन्वय इकाई दैलेखलाई सिफारीस गर्ने निर्णय गरीयो ।

<u>तपसिल</u>

१. मालिका मा. वि. मुकुटक परीक्षा केन्द्र गुराँस ८ दैलेख ।

 १. शान्ति मा.वि. लालिकाँडा
 २. जनता मा.वि. जोरेवाझ
 ३. कालिका मा.वि. गर्चा
 ४. लक्ष्मी मा.वि. रतिखोला

२. जय जनता मा. वि. मुकुटक परीक्षा केन्द्र गुराँस ६ दैलेख ।

 १. नेरा मा.वि. बगौरा
 २. कृष्ण मा.वि. सानाकाँडा
 ३. पार्वती मा.वि. गोगनपानी
 ४. मालिका मा.वि. मुकुटक

३. लक्ष्मी मा. वि. रतिखोला परीक्षा केन्द्र गुराँस ४ दैलेख ।

 १. भगवती मा.वि. सेप्टी
 २. महादेव मा.वि. तल्लो डुङ्गेश्वर
 ३. शान्ति मा.वि. सेरी
 ४. सरस्वती मा.वि. पातिकाल्ना
 ५. दुर्गादेवी प्रा.वि. पुलिघा

दिल बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १८ प्रस्ताव न १८ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको नाममा संचालनमा रहेका सबै विधुतिय संचार माध्यमहरु Webside **फेसवुक टुइटर इमेल लगाएतका प्रोटलहरु समय सापेक्ष तथा कार्यक्रम र आवधिगत रुपमा अपडेट गराउन सम्बन्धीत सूचना प्रविधि अधिकृतलाई थप जिम्मेवार वनाउने साथै लिजा एफ आर ए लगाएत पालिकाको मूल्यांकनका सबै टुल्सहरु लाई प्रभावकारी रुपमा संचानल तथा व्यवस्थापन गर्न सम्बन्धीत शाखाका कर्मचारीलाई थप जिम्मेवार वनाउने निर्णय पारीत गरीयो ।**

निर्णय नं. १९ प्रस्ताव न १९ को विविध प्रस्तावको क माथि छलफल गर्दा गुराँस गाउँपालिका र सम्वद्ध वडाहरुमा संकलित राजश्व कानुनी व्यवस्था अनुरुप दाखिला नभएकाले वढीमा ७।७ दिनमा राजश्व दाखिला गर्न व्यवस्था मिलाउन सम्वन्धीत कर्मचारी तथा वडाहरुलाई जिम्मेवार वनाउने निर्णय गरीयो ।

निर्णय नं. २० प्रस्ताव न १९ को विविध प्रस्तावको ख माथि छलफल गर्दा गुराँस गाउँपालिकाको सामुदायिक विधुतिकरण सेवा संचालनका कममा सेवा विस्तार तथा स्रेस्ता व्यवस्थापनमा केही सुधार भएतापनी विधुत महसुल संकलन गर्ने र पालिकाले भुक्तानी गर्ने महसुलमा जरीवाना तिर्ने विषयमा कुनैपनी प्रगती तथा सुधार नभएकाले आगामी १ महिना भित्र सामुदायिक विधुतिकरणको महसुल संकलनका सम्बन्धमा सम्बन्धीत शाखावाट सो सम्बन्धी गर्नुपर्ने काम गराउने र प्रत्येक वडा वाट विधुत महसुल र विधुत मिटर वापतको संकलन गरेको रकम सहितको विवरण पालिकालाई उपलव्ध गराउने र कार्यालयको तर्फवाट सामुदायिक विधुतीकरण तर्फको स्थापना देखि हाल सम्मको आर्थिक विवरण प्रमुख प्रशासकिय अधिकृतले आगामी कार्यपालिका बैठकमा पेश गर्ने र सोका आधारमा अन्य कार्य प्रक्रिया अगाडी वढाउने निर्णय पारीत गरीयो ।

निर्णय नं. २१ प्रस्ताव न १९ को विविध प्रस्तावको ग माथि छलफल गर्दा गुराँस गाउँपालिकाको स्वामीत्वमा रहेको गुराँस अस्पताल संचालनमा केहि विचलन आइ हाल कर्मचारीको जिम्मेवारीका कारण अस्पताल अपेक्षीत प्रभावकारी रुपमा संचानलमा नआएकाले कर्मचारीको प्रभावकारी व्यवस्थापन गरी पूर्ववत रुपमा गुराँस अस्पतालमा रुपान्तरण हुनेगरी हाललाई डे कियर र ट्रमा सेन्टरको रुपमा संचालन गर्ने र आगामी दिनमा आरोग्य केन्द्रको रुपमा संचालन गर्ने गरी आवश्यकिय व्यवस्थापन गर्न निर्देशन दिने निर्णय पारीत गरीयो ।

निर्णय नं. २२ प्रस्ताव न १९ को विविध प्रस्तावको घ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा कार्यपालिका सदस्यरुको कार्य कक्ष व्यवस्थापनका सम्बन्धमा हाललाई अर्को व्यवस्था नहुदा सम्म बैठक कक्षलाई नै कार्यपालिकाका सदस्यहरुको कार्यकक्षको रुपमा व्यवस्थापन गरी प्रयोगमा ल्याउने निर्णय गरीयो ।

**निर्णय न: २३ प्रस्ताव न १९ को विविध** प्रस्तावको माथि छलफल गर्दा गुराँस गाउँपालिकाको पुर्वाधार विकास समितिले पुर्वाधार विकास सबन्धी गरेका निर्णयहरु गरी अनुमोदनकालागि पेश गरेकाले उक्त निर्णहरु अनुमोदन गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय न: २४ प्रस्ताव न १९ को विविध** प्रस्तावको **च** माथि छलफल गर्दा गुराँस गाउँपालिकावाट कामकाजका लागि काज सरुवा भइ गएका कर्मचारीहरुको पदस्थापनको सम्वन्धमा खटिगएको कार्यालयमानै पदस्थापन हुनेगरी सहमती प्रदान गर्ने साथै सरुवा सहमती माग गरेका माग निवेदनहरुको हकमा रिक्त दरवन्दिमा कार्यालयले आवश्यकता र औचित्यताका आधारमा अध्यक्षको परामर्स लिई सरुवा सहमति दिने निर्णय पारीत गरीयो ।

**निर्णय न: २५ प्रस्ताव न १९ को विविध** प्रस्तावको छ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका अध्यक्ष मित्र राष्ट्रचिनको वेइजिङ्गमा आयोजना भएको १०औ एसीया प्यासीफिक रिजनल मिटिङ्ग (२०२४ अक्टूवर २४ देखी ३० सम्म) मा सहभागि भएकोमा धन्यवाद दिने र उक्त कार्यक्रममा जान लागेको भ्रमण खर्चको रकम मध्ये जहाज टिकट वापतको रकम मात्र गुराँस गाउँपालिकावाट भुक्तानी दिने निर्णय पारीत गरीयो।

**निर्णय न: २६ प्रस्ताव न १९ को विविध** प्रस्तावको ज माथि छलफल गर्दा गुराँस गाउँपालिकाको प्रशासकिय कामलाइ थप प्रभावकारी वनाउन हाल संचालनमा रहेको कार्यालय भवनमा सेवा प्रवाह गर्ने कठिन भएकाले नयाँ प्रशासकिय भवन निर्माणका लागि हालको कार्यालय भवन रहेको क्षेत्रको आसपासमा रहेका जग्गहरु मध्ये लालिगुराँस बहुउद्देश्यीय वहुमुखी सहकारी संस्था लि गुराँस ४ दैलेखको जग्गा र सो संग जोडीएका अन्य कित्ताका जग्गाहरु प्राप्तिका लागि जग्गा प्राप्ती ऐन,२०३४ बमोजिम प्रक्रिया अगाडी बढाउन नेपाल सरकार संग स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरीयो ।

अन्त्यमा, गुराँस गाउँकार्यपालिकाको ४०औ बैठक कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माथि उल्लेखित एजेण्डाहरुमा गहन छलफल गरी सर्वसम्मत रुपमा निर्णय पारीत गरी बैठक सम्पन्न गर्दा साझ अवेर भएकाले कार्यपालिका सदस्यज्यू हरुको खाना खाजा र आवास तथा यातायातको व्यवस्थापनको लागि कार्यालयलाई जिम्मेवारी दिँदै गाउँपालिकाका अध्यक्ष ज्यूवाट बैठक समापन भयो ।

हिरा बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः ४१ मितिः २०८१।०८।२७ समयः बिहान ९:०० बजे

आज मिति २०८१।८।२७ गते गुराँस गाउँपालिका दैलेखको ४१ औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र बहादुर वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सदस्य सचिव) |

सहयोगी कर्मचारी

| | |
|---|---|
| श्री खेमराज उपाध्याय | - सहायक पाचौ |
| श्री पूर्ण बहादुर वली | -सचिवालय सहायक |
| श्री खगीसरा वि क | कार्यालय सहयोगी |

प्रस्तावहरु:

१. हार्दिक श्रदाञ्जली तथा समवेदना सम्बन्धमा ।
२. उच्चअदालत सुर्खेतमा लिखित जवाफ पेशका लागि बारेस तोक्ने सम्बन्धमा ।
३. सडक बोर्डको योजना स्विकृत गर्ने सम्बन्धमा ।
४. शिक्षा समितिको सदस्य मनोनय गर्ने सम्बन्धमा ।
५. विद्यालय भवन छनौट गर्ने सम्बन्धमा ।
६. पूर्ण विद्युतिकरण गर्ने सम्बन्धमा ।
७. सिंचाई कुलोको योजना संसोधन गर्ने सम्बन्धमा ।
८. एस.इ.ई को परिक्षा केन्द्र  सम्बन्धमा ।
९. विविध:
क) लिजा र हाजिरी रिपोट सम्बन्धमा ।
ख) कार्यालयको दैनिक काम काज व्यवस्थापन गर्ने सम्बन्धमा ।
ग) सरस्वती प्रा.वि. को भवन भत्काउने अनुमति सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. ६ का वडा सदस्य एंव गाउँ सभा सदस्य श्री पदमकला दमाईको मिति २०८१।८।२४ गते राती ४६ वर्षको उमेरमा असमाहिक निधन भएको हुँदा मृतकप्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्ने र परिवारजनमा समवेदना प्रकट गर्ने गाउँपालिकामा शोक पुस्तिका राख्ने निर्णय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालय र ऐ कार्यालयका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतलाई विपक्षि बनाई यसै कार्यालयका सहायक पाचौ स्तरमा कार्यरत उर्वशी रेग्मीले उच्च अदालत सुर्खेतमा  दायर गरेको रिट निवेदन नं. ०८१-WO-००२३ का सम्बन्धमा आवश्यक पर्ने कागजात तयार पार्न प्रमुख प्रशासकिय अधिकृतलाई र लिखित जवाफ पेश गरी तारेखमा लिन तथा अदालतमा हाजिर हुन यस कार्यालयमा कार्यरत उजुरी प्रशासक (सहायक पाचौ) श्री सिता बलीलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्डबाट यस गाउँपालिकाका लागि प्राप्त हुने रकम रु. १९,००,०००।०० (अक्षेरुपि रु उन्नाई लाख) बाट यस गाउँपालिकाकाको  शान्ति मा.वि. लालिकाँडा देखि वडा नं. ७ वडा कार्यालय भुज जोड्ने बाटो मर्मत तथा स्तरउन्नती गर्ने बाटोको योजना सडक बोर्डमा पठाउने सो मा लाग्ने नियमानुसारको लागत सहभागिता समेत गाउँपालिकामा विनियोजित साझेदारी कोषबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा शिक्षा समितिमालाई पूर्णता प्रदान गर्नु पर्ने भएकाले मिति २०८१।५।१३  निर्णय नं. २ बमोजिम निर्णय भई आएको सदस्यहरु र बाँकी १(एक) महिला सदस्य (२) घ बमोजिम रिक्त रहेको महिला महिला सदस्यमा गुराँस गाउँपालिका वडा नं. ५ पार्वती मा.वि. गोगनपानीका शिक्षक (आधारभुत तह इन्चार्ज)  श्री कल्पना कुमारी चन्द(के.सी.)लाई  शिक्षा समिति सदस्यमा मनोनित गरि शिक्षा समितिलाई पूर्णता दिने निर्णय गरियो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप [illegible]
अध्यक्ष

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट यस गुराँस गाउँपालिका अन्तर्गत निम्न योजना स्विकृत भई सामाजिक विकास कार्यालयबाट कार्यान्वयको चरणमा रहेको योजनालाई देहाय अनुसार संशोधन गर्न सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा अनुरोध गर्ने निर्णय गरियो ।

| योजनाको नाम | संशोधन पश्चात हुने योजना | संशोधनको कारण |
|---|---|---|
| भगवती माध्यमिक विद्यालय भवन वडा नं.५ | भगवती माध्यमिक विद्यालय भवन वडा नं.१ | वडा नं. ५ मा माध्यमिक विद्यालय नभएको, भगवती प्रा.वि. वडा नं. ५ मा विद्यार्थी संख्या समेत न्यून भएका कारण विद्यालय मर्जर( एकिकरण) प्रक्रियामा रहेको हुँदा भगवती मा.वि. वडा नं.१ सेफ्टिलाई भवन आवश्यक देखिएको हुँदा संशोधन गर्नु पर्ने । |

निर्णय नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकालाई पूर्ण विद्युतिकरणका लागि नेपाल विद्युत प्राधिकरण दैलेखलाई अनुरोध गर्ने सामुदायिक विद्युतिकरणको हकमा नियमानुसारको तिर्नु पर्ने शुल्क उपलब्ध गराई सामुदायिक विद्युतिकरणको प्रक्रिया अगाडि बढाउने र सो को लागि आवश्यक रकम आगामी गाउँसभाबाट विनियोजन गरी पूर्ण विद्युतिकरण भएको उज्यालो गुराँस घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा गुरासँ गाउँपालिकाका लागि कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) सियाला सिंचाई कुलो तथा सिंचाई पोखरी निर्माण गुराँस -३ को लागि रु. ९,००,०००।०० (अक्षेरुपी रु. नौ लाख) विनियोजन भएकोमा उक्त योजनाको सिंचाईका लागि पानीको श्रोत प्रयाप्त नभएको भनी वडा नं.३ वडा कार्यालयको सिफारिस प्राप्त हुन आएकोले उक्त योजना संशोधन गरि गुराँस गा.पा. वडा नं.३ कोपिका सिंचाई कुलो तथा सिंचाई पोखरी निर्माणका लागि योजना संशोधन गर्न कर्णाली प्रदेश आर्थिक मामिला मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँकार्यपालिकाको बैठक नं.४० बाट एस.ई.ई को परिक्षा केन्द्र तोक्ने शिक्षा विकास तथा समन्वय इकाईलाई अनुरोध भई गएकोमा सो निर्णयको सट्टामा देहाय अनुसार एस.ई.ई.को परिक्षा केन्द्र निर्धारण गर्ने अनुरोध गर्ने निर्णय भयो ।

तपसिल

१. केन्द्रको नामः लक्ष्मी मा.वि. रतिखोला, दैलेख

  १. भगवती मा.वि. सेप्टी
  २. महादेव मा.वि. तल्लो डुंगेश्वर
  ३. दुर्गादेवी मा.वि. पुलिया
  ४. शान्ति मा.वि. सेरी
  ५. पार्वती मा.वि. गोगनपानी
  ६. सरस्वती मा.वि. पातिकाँल्ला

अध्यक्ष

२. केन्द्रको नाम: पार्वती मा.वि. गोगनपानी, दैलेख

   १. लक्ष्मी मा.वि. रतिखोला
   २. कृष्ण मा.वि. सानाकाँडा
   ३. जय जनता मा.वि. जोरेबाँझ

३. केन्द्रको नाम: जय जनता मा.वि. जोरेबाँझ, दैलेख

   १. शान्ति मा.वि. लालिकाँडा
   २. मालिका मा.वि.मकुटक
   ३. कालिका मा.वि. गर्चा
   ४. ने.रा.मा.वि. बगौरा

निर्णय नं.९ प्रस्ताव नं.९ को विविध (क) माथि छलफल गर्दा आ.ब. ०८०।०८१ को लिजाका लागि सम्पूर्ण शाखाहरुलाई जिम्मेवारी बनाई निजहरुबाट लिजाका लागि आवश्यक पर्ने कागजातहरु सुचना प्रविधि अधिकारीलाई उपलब्ध गराउने उक्त कागजातहरु समयभित्रै अपलोड गर्ने गराउने । हाल सम्म पनि वडा कार्यालयबाट कर्मचारीहरुको हाजिरी समयभित्रै प्राप्त नहुँदा तलव भत्ता भुक्तानीहुन नसकिरहेको अवस्थामा सबै वडा कार्यालय र स्वास्थ्य चौकीहरुले यस आ.व. को श्रावण देखि हाल सम्मको प्रत्येक कर्मचारीको हाजिरी रिपोर्ट समय भित्रै कर्मचारी प्रशासन शाखामा बुझाउन र तलव भत्ता भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्देशन गर्ने निर्णय भयो ।

निर्णय नं.१० प्रस्ताव नं.९ को विविध (ख) माथि छलफल गर्दा कार्यालयमा धेरै जसो कर्मचारीहरु यस कार्यालयबाट दरबन्दी भएको स्थानमा सरुवा भई सकेकोहुँदा कार्यालयमा कामकाजमा पर्न गएको असरलाई मध्यनजर गर्दै विभिन्न वडाहरुमा कार्यरत कर्मचारीहरुलाई समेत यस पालिकामा आवश्यक पर्ने स्थानमा कामकाज लगाउने हाल कार्यरत लेखा अधिकृतले मानव अधिकार आयोगमा मानव अधिकार अधिकृतमा खुला प्रतिस्प्रधाबाट सिफारिस र पदस्थापना भएको हुँदा कोष तथा लेखा नियन्त्रक कार्यालय दैलेखमा तत्काल अर्को कर्मचारी व्यवस्था नभए सम्मका लागि लेखा हेर्ने कर्मचारीका लागि अनुरोध गर्ने विभिन्न गाउँपालिकाबाट कर्णाली प्रदेश मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयमा सरुवाका लागि निवेदन दिइएका कर्मचारीहरुलाई गाउँपालिकाको रिक्त पदमा सरुवा भई आउन आवश्यक परामर्शलिई स्विकृती दिने निर्णय भयो ।

निर्णय नं.११ प्रस्ताव नं.९ को विविध (ग) माथि छलफल गर्दा वडा नं. ३ स्थित रहेको सरस्वती प्रा.वि.को भवन जिर्ण भई भत्काउनु पर्ने भएको भनी सिफारिस अनुरोध भई आएको हुँदा प्राविधिक प्रतिवेदन सहित स्थानिय प्रहरीको रोहवरमा मुचुल्का तयार गरि जिर्ण भवनलाई भत्काउने अनुमति दिने निर्णय गरियो ।

उपस्थित सम्पूर्ण कार्यपालिकाहरुलाई धन्यवाद दिई उपस्थित हुनु भएका सदस्यलाई विहानीको खाना यातायातको व्यवस्थापन गर्ने र उपस्थित सदस्यहरुलाई धन्यवाद दिदै बैठक समापन गर्ने निर्णय पारित गरियो ।

टोप बहादुर शिरी
अध्यक्ष

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत